# सापकोटा कल्याण केन्द्र यूके



## प्रगति प्रतिवेदन २०२६

# सापकोटा कल्याण केन्द्र यूके

## प्रगति प्रतिवेदन २०२६

गत वर्ष अगस्ट ३ गते सम्पन्न भएको सापकोटा कल्याण केन्द्र यूकेको प्रथम विशाल बन्धु भेलापश्चात् यस वर्षको जुन महिनाको अन्त्यसम्म संस्थाले विभिन्न क्षेत्रमा उल्लेखनीय प्रगति तथा गतिविधिहरू अघि बढाउन सफल भएको छ।

यो छोटो अवधिमा संस्थाले केवल कार्यक्रम सञ्चालन गर्ने मात्र नभई, सापकोटा बन्धु-बान्धवबीचको आपसी सम्बन्ध, भाइचारा, एकता र सहकार्यलाई अझ मजबुत बनाउँदै संस्थालाई व्यवस्थित, कानूनी, प्रविधिमैत्री तथा अन्तर्राष्ट्रिय रूपमा विस्तार गर्ने दिशामा महत्वपूर्ण कदमहरू अघि बढाएको छ।

—

### १. संस्थाको परिकल्पना र स्थापनाको आधार

बेलायत भ्रमणका क्रममा संस्थाका कोषाध्यक्ष तथा कोभेन्ट्री निवासी श्री कृष्ण सापकोटा ज्यूका पूजनीय पिता श्री चुडामणि सापकोटा ज्यू बेलायत आउनुभएको अवसरलाई पारिवारिक घुमघाम र भेटघाटमा मात्र सीमित नराखी, सापकोटा कल्याण केन्द्रलाई नेपालमा मात्र नभई बेलायतमा समेत विस्तार गर्ने दूरदर्शी योजना निर्माण गर्ने महत्वपूर्ण अवसरका रूपमा उपयोग गरिएको थियो।

उहाँसँगै नेपालबाट बेलायत आउनुभएका श्री शालिकराम सापकोटा ज्यू लगायत बेलायत निवासी श्री नवीन सापकोटा, श्री दयानिधि सापकोटा तथा श्री सोम सापकोटा ज्यूहरूसँग निरन्तर संवाद, छलफल र समन्वय गर्दै श्री गोविन्द सापकोटा ज्यूको नेतृत्वमा एक तदर्थ समिति गठन गरी उहाँहरू नेपाल फर्किनुभएको थियो।

संस्थाको विस्तार र सुदृढीकरणका लागि उहाँहरूले पुर्याउनुभएको योगदानप्रति सापकोटा कल्याण केन्द्र यूके हार्दिक सम्मान र कृतज्ञता व्यक्त गर्दछ।

## २. संस्थाको नेतृत्व, समर्पण र ऊर्जाशील सहभागिता

संस्थालाई आजको अवस्थामा ल्याउन संस्थाका सम्पूर्ण पदाधिकारी, सदस्य तथा शुभचिन्तकहरूको आ–आफ्नो स्थानबाट महत्वपूर्ण योगदान रहेको छ।

विशेषगरी संस्थाका उपाध्यक्ष श्री सोहन सापकोटा ज्यूको लगनशीलता, सक्रियता र निरन्तर समर्पणले संस्थाका गतिविधिहरू थप व्यवस्थित र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेलेको छ।

त्यसैगरी श्री नयन सापकोटा ज्यूको ऊर्जाशीलता, सक्रियता र सकारात्मक सोचले संस्थाका गतिविधिहरूमा थप उत्साह, उमंग र गरिमा थपेको महसुस भएको छ।

उहाँहरू लगायत संस्थाका सम्पूर्ण पदाधिकारी, सदस्य तथा शुभचिन्तकहरूको सामूहिक प्रयासका कारण संस्था आजको अवस्थामा आइपुगेको हो। संस्थाप्रति उहाँहरूको समर्पण र योगदानप्रति हामी हार्दिक सम्मान तथा आभार व्यक्त गर्दछौं।

## ३. संस्थालाई निरन्तर साथ र भरोसा प्रदान गर्ने संरक्षकहरू

सापकोटा कल्याण केन्द्रको स्थापना, विकास र निरन्तरताका क्रममा संस्थालाई निरन्तर आड, भरोसा, हौसला र मार्गदर्शन प्रदान गर्दै आउनुभएका आदरणीय व्यक्तित्वहरूको योगदान हाम्रो लागि अत्यन्तै महत्वपूर्ण रहेको छ।

विशेषगरी श्री दयानिधि सापकोटा ज्यू, श्री नवीन सापकोटा ज्यू, श्री सोम सापकोटा ज्यू, श्री बी.डी. सापकोटा ज्यू, श्री मीना सापकोटा ज्यू, श्री जगन्नाथ सापकोटा ज्यू, श्री जे.पी. सापकोटा ज्यू, श्री चेतन सापकोटा ज्यू, श्री विष्णु सापकोटा ज्यू, श्री टिकाराम सापकोटा ज्यू, श्री कृष्ण शर्मा (सापकोटा) ज्यू, श्री लोकराज सापकोटा ज्यू, श्री भानु सापकोटा ज्यू तथा श्री धनपती सापकोटा ज्यूले संस्थालाई निरन्तर साथ, भरोसा र हौसला प्रदान गर्दै आउनुभएको छ।

उहाँहरूको विश्वास र अभिभावकीय भूमिकाले संस्थालाई कठिन परिस्थितिमा समेत अघि बढ्न प्रेरणा दिएको छ। उहाँहरूको निरन्तर साथ र विश्वासप्रति सापकोटा कल्याण केन्द्र यूके हार्दिक सम्मान तथा कृतज्ञता व्यक्त गर्दछ।

## ४. बैठक तथा संस्थागत गतिविधि

गत वर्ष अगस्ट ३ गते सम्पन्न प्रथम विशाल बन्धु भेलापछि यस वर्षको जुन महिनाको अन्त्यसम्म संस्थाका गतिविधिहरूलाई निरन्तरता दिने क्रममा:

- ३ वटा जुम बैठक सम्पन्न भएका छन्।
- आन्तरिक समन्वय तथा छलफलका लागि ४ वटा WhatsApp समूह बैठक सम्पन्न भएका छन्।
- बेलायतमा क्रियाशील विभिन्न नेपाली संघ-संस्थाका कार्यक्रमहरूमा संस्थाको प्रतिनिधित्व गर्दै १० वटा छुट्टाछुट्टै कार्यक्रममा सहभागिता तथा उपस्थिति जनाइएको छ।

यी बैठक, छलफल र सहभागिताले संस्थाको आन्तरिक एकता, आपसी समन्वय तथा बेलायतका अन्य नेपाली संघ-संस्थासँगको सम्बन्धलाई अझ मजबुत् बनाउन महत्वपूर्ण भूमिका खेलेका छन्।

## ५. धार्मिक तथा सामाजिक कार्यमा सहयोग

सापकोटा कल्याण केन्द्र यूकेको तर्फबाट नेपालमा सञ्चालित विभिन्न धार्मिक, सांस्कृतिक तथा सामाजिक कार्यहरूमा निरन्तर सहयोग र सक्रिय सहभागिता जनाउँदै आइएको छ।

यसै क्रममा बागलुङको दामेकमा निर्माणाधीन कुल मन्दिर निर्माण कार्यमा संस्थाको तर्फबाट आवश्यक आर्थिक तथा नैतिक सहयोग प्रदान गरिएको छ।

त्यसैगरी, नेपालमा सम्पन्न केन्द्रीय साधारण सभामा सापकोटा कल्याण केन्द्र यूकेका तर्फबाट प्रतिनिधिहरू श्री धनपति सापकोटा, श्री रमा सापकोटा, श्री विजय सापकोटा, श्री बालकृष्ण सापकोटा, श्री मीना सापकोटा तथा श्री शालिकराम सापकोटाज्यूहरूको गरिमामय उपस्थिति रहेको थियो।

**विशेष योगदान तथा आभार ज्ञापन:**

सापकोटा कल्याण केन्द्र यूकेका सचिव श्री नयन सापकोटाज्यूले चितवन जिल्लाको राप्ती नगरपालिका वडा नं. ८ मा रहेको आफ्नो निजी स्वामित्वको जग्गामध्ये १ (एक) कठ्ठा जग्गा (दोहोरो कर समेत स्वयं आफैँले व्यहोर्ने गरी) पूर्वी चितवन सापकोटा कल्याण केन्द्रको निर्माणाधीन कुल मन्दिर/भवनका लागि पूर्ण रूपमा दान गर्नुभएको छ।

साथै, सोही स्थानमा रहेको थप १ (एक) कठ्ठा जग्गा नेपाल सरकारको प्रचलित न्यूनतम दररेट (सरकारी मूल्यांकन) अनुसार पूर्वी चितवन सापकोटा कल्याण केन्द्रले खरिद गर्न सक्ने गरी व्यवस्था मिलाइदिनुभएको छ।

संस्था तथा समुदायप्रतिको यस अतुलनीय र उदार सामाजिक योगदानको उच्च कदर गर्दै सापकोटा कल्याण केन्द्र यूके परिवार श्री नयन सापकोटाज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछ। उहाँको यस महान् कार्यले सम्पूर्ण सापकोटा कल्याण केन्द्र यूके परिवारलाई अत्यन्तै हर्षित र गौरवान्वित तुल्याएको छ।

## ६. संस्थाको कानुनी दर्ता तथा बैंक खाता

संस्थालाई विधिसम्मत, पारदर्शी र व्यवस्थित रूपमा अघि बढाउने उद्देश्यका साथ सीए (CA) श्री जगन्नाथ सापकोटाज्यूको सक्रिय पहल र महत्वपूर्ण योगदानमा संस्थाको कानुनी दर्तासम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा गरिएको छ।

उहाँकै विशेष सक्रियता र समन्वयमा संस्थाको आधिकारिक बैंक खाता खोल्ने कार्य समेत सफलताका साथ सम्पन्न भएको छ।

संस्थाको कानुनी तथा आर्थिक संरचना निर्माणमा उहाँले पुऱ्याउनुभएको योगदानप्रति सापकोटा कल्याण केन्द्र यूके हार्दिक आभार व्यक्त गर्दछ।

## ७. संस्थालाई प्रविधिमैत्री बनाउने प्रयास

समयको परिवर्तनसँगै संस्थाका गतिविधिहरूलाई आधुनिक प्रविधिसँग जोड्दै सम्पूर्ण बन्धु-बान्धव तथा शुभचिन्तकहरूसम्म संस्थाका सूचना र गतिविधि सहज रूपमा पुऱ्याउने उद्देश्यले सह-कोषाध्यक्ष श्री सुशील सापकोटा ज्यूको सक्रिय पहलमा संस्थाको Website, Facebook तथा Email सेवाको सुरुवात गरिएको छ। साथै, विदेशमा रहनुभएका सम्पूर्ण सापकोटाज्यूहरूलाई डिजिटल प्लेटफर्ममा ल्याउन, उहाँहरूको डिजिटल डाटा संकलन गर्न र डिजिटल आईडी बनाउने कार्यसमेत गरिएको छ। यसका लागि उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछौँ।

यसले संस्थाको सूचना प्रवाह, सम्पर्क, प्रचार-प्रसार तथा भावी गतिविधिलाई थप व्यवस्थित र प्रभावकारी बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएका छौँ।

## ८. नियमित सूचना तथा समन्वय

संस्थाका महासचिव श्री शालिक सापकोटा 'शिव' ज्यूको सक्रियतामा संस्थाका बैठक, निर्णय तथा महत्त्वपूर्ण गतिविधिहरूलाई सम्बन्धित समूहहरूमा नियमित रूपमा जानकारी गराउने कार्य हुँदै आएको छ।

यसले संस्थाभित्र सूचनाको सहज पहुँच, पारदर्शिता र आपसी समन्वयलाई थप मजबुत बनाएको छ।

## ९. संस्थाको विधान निर्माण

सापकोटा कल्याण केन्द्रलाई दीर्घकालीन रूपमा सुदृढ, व्यवस्थित र उच्च उद्देश्यका साथ अघि बढाउने क्रममा संस्थाका संरक्षक श्री दयानिधि सापकोटा ज्यूको सक्रिय पहलमा संस्थाको विधान निर्माण गर्ने महत्वपूर्ण कार्य सम्पन्न भएको छ।

विधानले संस्थालाई स्पष्ट नीति, उद्देश्य र संरचनाका साथ आगामी दिनमा थप उचाइमा पुऱ्याउन मार्गदर्शन गर्ने विश्वास लिएका छौँ।

---

## १०. युरोपमा संस्थाको विस्तार

संस्थाका संरक्षक श्री नवीन सापकोटा ज्यूको सक्रिय पहलमा युरोपका अन्य मुलुकहरूमा समेत सापकोटा कल्याण केन्द्र विस्तार गर्ने कार्यको सुरुवात भएको छ।

यसै क्रममा बेल्जियममा संस्थाको गठन गर्नको लागि बेल्जियममा पनि बैठकको आह्वान गरिएको। सापकोटा कल्याण केन्द्रको हुनाले यो एउटा यसलाई पनि हामीले सापकोटा कल्याण केन्द्र अन्तर्राष्ट्रिय विस्तारको महत्वपूर्ण उपलब्धिको रुपमा लिएका छौँ।

---

## ११. बेलायतभरिबाट प्राप्त साथ र सहयोग

गत वर्षको आर्थिक संकलनको क्रममा श्री लोकनाथ सापकोटाज्यूले उल्लेखनीय रकम सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै संस्थालाई आर्थिक रूपमा समेत बलियो बनाउन महत्वपूर्ण हौसला र प्रेरणा प्रदान गर्नुभएको थियो। उहाँको पहिलो सहयोग भएकाले यसलाई विशेष रूपमा हेरिएको छ।

उहाँ लगायत संस्थालाई आर्थिक, नैतिक र भौतिक रूपमा सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी मनहरूप्रति हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछौँ।

संस्थाको वास्तविक शक्ति केवल आर्थिक स्रोतमा मात्र नभई, संस्थाप्रति समर्पित मनहरूबीचको एकता, आपसी विश्वास र भाइचारामा निहित हुन्छ।

हामीले प्राप्त गरेको प्रत्येक सहयोग—चाहे त्यो आर्थिक होस्, भौतिक होस् वा समय र श्रमको योगदान—सापकोटा कल्याण केन्द्रको इतिहासमा सदैव सम्मानका साथ स्मरणीय रहनेछ।

## १३. विशेष सहयोग तथा योगदान

सापकोटा कल्याण केन्द्रको आजको कार्यक्रमलाई अझ भव्य, गरिमामय र ऐतिहासिक बनाउन संस्थाका शुभचिन्तक तथा समाजसेवी श्री धनपति सापकोटाज्यूले गुरु श्री राजन शर्माज्यूलाई अष्ट्रेलियाबाट बेलायत ल्याउनका लागि हवाई यात्राको टिकट व्यवस्थापनमा करीब £१,५०० (पन्ध्र सय पाउन्ड) बराबरको आर्थिक सहयोग प्रदान गर्नुभएको छ।

उहाँको यो उदार सहयोग केवल आर्थिक सहयोग मात्र नभई संस्थाप्रतिको गहिरो माया, विश्वास र समर्पणको सकारात्मक प्रेरणाको स्रोत हो। यस योगदानका लागि सापकोटा कल्याण केन्द्र यूके उहाँप्रति हार्दिक सम्मान तथा कृतज्ञता व्यक्त गर्दछ।

उहाँजस्तो समर्पित, परोपकारी र सापकोटाको लागि केही गर्नुपर्छ भन्ने व्यक्ति पाउनु यो संस्थाको लागि गौरवको विषय हो भन्ने महसुस गरेका छौँ।

त्यसैगरी, संस्थाका सबै सदस्यहरूले प्रत्येक सापकोटा परिवारसँग व्यक्तिगत रूपमा फोन तथा प्रत्यक्ष सम्पर्कमार्फत समन्वय, सहजीकरण र संस्थाको गतिविधिमा जोडिने महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएको छ।

## १४. नेपालबाट प्राप्त आध्यात्मिक तथा सांस्कृतिक योगदानप्रति आभार

सापकोटा कल्याण केन्द्र यूकेको गतिविधिलाई थप आध्यात्मिक, सांस्कृतिक तथा ज्ञानमूलक उचाइ प्रदान गर्न नेपालबाट आउनुभएका कथा वाचक श्री भागवत मञ्जरी तथा श्री राधिका दासी ज्यूप्रति पनि हामी हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछौँ।

उहाँहरूले संस्थाको कार्यक्रम तथा अभियानमा पुऱ्याउनुभएको योगदानले सापकोटा बन्धु-बान्धवबीचको आध्यात्मिक तथा सांस्कृतिक सम्बन्धलाई थप प्रगाढ बनाउन महत्वपूर्ण भूमिका खेलेको छ।

उहाँहरूको योगदानप्रति सापकोटा कल्याण केन्द्र यूके हार्दिक सम्मानसहित धन्यवाद व्यक्त गर्दछ।

## समापन तथा हार्दिक कृतज्ञता

गत वर्षको प्रथम विशाल बन्धु भेलाबाट सुरु भएको हाम्रो सामूहिक यात्रा आज केवल एउटा संस्थाको गतिविधिमा सीमित छैन। यो यात्रा सापकोटा परिवारबीचको आत्मीयता, एकता, भाइचारा र पुस्तौँपुस्तासम्मको सम्बन्धलाई अझ बलियो बनाउने साझा अभियानका रूपमा अघि बढिरहेको छ।

यो छोटो अवधिमा हामीले गरेका यी प्रयासहरू संस्थाको भावी यात्राका लागि महत्वपूर्ण आधारशिला हुन्। संस्थालाई आजको अवस्थामा ल्याउन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण पदाधिकारी, संरक्षक, सल्लाहकार, सदस्य, शुभचिन्तक, समाजसेवी तथा सम्पूर्ण सापकोटा बन्धु-बान्धवहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौँ।

आज बेलायतका विभिन्न शहरदेखि स्कटल्याण्डसम्म फैलिएको यो आत्मीय सम्बन्ध र सहकार्य भविष्यमा अझ व्यापक बन्दै जानेछ भन्ने हाम्रो विश्वास छ।

आगामी दिनमा यही एकता, सद्भाव र सहकार्यलाई अझ मजबुत बनाउँदै सापकोटा कल्याण केन्द्रलाई बेलायत हुँदै युरोप र विश्वभर रहेका सम्पूर्ण सापकोटा बन्धु-बान्धवलाई एउटै आत्मीय सूत्रमा जोड्ने साझा संस्थाका रूपमा स्थापित गर्ने हाम्रो लक्ष्य रहेको छ।

एकता नै हाम्रो शक्ति हो,<br>
सम्बन्ध नै हाम्रो पहिचान हो,<br>
र सेवा नै हाम्रो साझा उद्देश्य हो।

यस महान् अभियानमा यहाँहरू सबैको निरन्तर साथ, सहयोग, सल्लाह र मार्गदर्शनको अपेक्षा राख्दै सम्पूर्ण सापकोटा बन्धु-बान्धवहरूमा हार्दिक धन्यवाद, सम्मान तथा कृतज्ञता व्यक्त गर्दछौँ।

**जय सापकोटा बन्धुत्व!**<br>
**जय सापकोटा कल्याण केन्द्र!**